# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४ ) काठमाडौं, वैशाख १२ गते २०५१ साल ( संख्या २

## भाग ३

श्री ५ को सरकार

### कृषि मन्त्रालयको सूचना

श्री ५ को सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको काम सम्पन्न गरी दुई महिना भित्र श्री ५ को सरकार समक्ष प्रतिवेदन पेश गर्न भूतपूर्व अंचल न्यायाधीश श्री नन्दप्रसाद पौडेल रहनु भएको एक सदस्यीय जाँचबुझ आयोग गठन गरेको छः–

(क) कृषि विकास योजना नकटाझिज धनुषामा मिति २०४४।१।१२ गते राती भएको आगलागीको कारण पत्ता लगाई कसैको लापरवाही वा गैर जिम्मेवारीले उक्त आगलागी भएको हो, होइन यकिन गर्ने ।

(ख) कृषि विकास योजना नकटाझिज धनुषाको खरिद निर्माण आदिका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विभिन्न समयमा कृषि मन्त्रालयमा प्राप्त भएका फायलहरूमा के कस्तो कारवाही गर्नु पर्ने हो, यकिन गर्ने ।

(ग) वृहद बागवानी केन्द्र नवलपुरमा निर्माण गरिएको कोल्ड स्टोरेज निर्माणका सम्बन्धमा भएका अनियमित कार्यहरू पत्ता लगाउने ।

आज्ञाले,<br>
विन्देश्वरीप्रसाद सिन्हा<br>
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।